आज मिति २०७७ साल भाद्र २ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा ८५ औं बैठकको उपस्थिति तपशिल बमोजिम रह्यो ।

तपशिल

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| ३ | श्री सूर्य बहादुर दुरा | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नबिन कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री ललित गुरूङ | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री जयराम रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री मोती प्रसाद गुरूङ | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी पोंखरेल | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| २० | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |

अन्य उपस्थिति

| सि. नं | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | ठाकुर जी तिवारी | प्रमुख प्रशासकीय अधिकृत | |

जनकराज मिश्र
प्रमुख

## कार्यपालिकाको मिति २०७७/०५/२ गतेको ८५ औ वैठकको निर्णयहरु

र्णय नं. १ : यस कार्यपालिकाको मिति२०७७/०४/२६ गतेको बैठकले भक्ति नमूना माध्यमिक द्यालयलाई नगरस्तरीय क्वारेन्टिन बनाउने निर्णय गरेकोमा तत्कालका लागि उक्त विद्यालयमा ल्लास्तरीय क्वारेन्टिन रहेकोले भारत तथा तेश्रो मुलुकबाट आएका व्यक्तिहरुलाई तत्काल क्वारेन्टिनमा ाख्नुपर्ने अबस्था सिर्जना भएको, र पिपलबोट रिसोर्ट, सिउड़ीबारका संचालक तथा नगरपालिकाबीच ार्ता भएको, उक्त रिसोर्टमा क्वारेन्टिन् राख्ने सहमति भई उक्त रिसोर्टमा क्वारेन्टिन संचालन हुदै ाएकोमा अर्को ब्यबस्था नभएसम्म सो रिसोर्टमा क्वारेन्टिन राख्ने सहमतिलाई अनुमोदन गर्ने निर्णय रियो ।

र्णय नं. २ : कोभिड -१९ को सङ्क्रमण समुदायमा फैलने क्रममा रहेको सन्दर्भमा मिति २०७७ भाद्र १ ते यस नगरपालिकाका प्रतिनिधि तथा एम्वुलेन्स व्यवसायी ( संचालक, व्यबस्थापक र चालक) वीच एको बैठकको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

नर्णय नं. ३ : कोरोना भाइरसको समुदायमा संक्रमणको आशंकाले सुन्दरबजार नगरपालिकामा मिति २०७७/४/२७ मा गरिएको स्वाब संकलनबाट सु. न. पा. ७ निवासी ३२ बर्षिय एकजना पुरुषमा कोरोना पोजेटिभ देखिएको, निज संक्रमितको Contact Tracing गर्दा सम्पर्कमा आएका कतिपय व्यक्तिहरुको स्वाब संकलन गर्न बाकी रहेको, २०७७/४/३१ मा स्वाब संकलन गरि पठाइएकोमा दोर्दी गाउपालिका १ का ३० बर्षिय १ जना पुरुषमा संक्रमण देखिएको र निज संक्रमित व्यक्ति सु न पाका वडाहरु ६,७,८ र ९ मा बढि घुलमिल भएको पाईएको तथा २०७७/४/३१ को स्वाव संकलन भएका केहि व्यक्तिहरुको नतिजा आउन बाकी रहेको र छिमेकी पालिकाहरुपनि संक्रमणको उच्च जोखिमका कारणले यस न पा पनि उच्च जोखिमको अबस्थामा रहेकाले अर्को व्यबस्था नभएसम्म सुन्दरबजार नगरपालिका क्षेत्रमा निषेधाज्ञा जारी गर्न जिल्ला कोभिड १९ संकट व्यबस्थापन केन्द्र लमजुङ समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : यस नगरपालिकाको वडा नं. ७ मा मिति २०७६/१०/१२ गते भएको सीता पोखरेल घर्ती हत्या घटनामा निजसँग रहेको रकम रु ३,००,०००।- ( अक्षरुपी तीन लाख रुपैया मात्र) प्रहरी रोहबरमा वडा नं. ७ का वडाध्यक्ष श्री जयराम रेग्मी ज्यूको जिम्मामा रहेकोमा रकम निज मृतकको नजिकको हकवाला आमा जना कुमारी घर्तीलाई पुनः प्रहरी प्रशासनको रोहवरमा फिर्ता गर्ने निर्णय गरियो ।

२०७७/५/२

जनकराज मिश्र
प्रमुख